# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : १ २०८१ श्रावण १४


## भाग-१

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि
सर्वसाधारणको जानकारीको लागि
प्रकाशन गरिएको छ ।

# सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०८१

# सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०८१

प्रमाणित मिति
२०८१/०३/२९
प्रकाशित मिति
२०८१/०४/१४

सम्वत २०८१ को ऐन नं. ०३

**सडक तथा सार्वजनिक मापदण्ड निर्धारण सँग सम्बन्धि कानून तर्जुमा गर्न बनेको ऐन**

**प्रस्तावना:** छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्र रहेका सडक र नयाँ बन्ने सडकलाई सहज आवागमन योग्य बनाउने, सडक एवम् जलाधार क्षेत्र वरिपरि हुने निजी तथा सार्वजनिक पूर्वाधार निर्माणलाई व्यवस्थित एवम् स्थापित नगर मापदण्ड अनुरुप बनाउने, सडकको दायाँ बायाँ अधिकार क्षेत्र (राइट अफ वे) को पालना गराउनु पर्ने व्यवस्था भए अनुसार सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति गर्ने विधि बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ समेतलाई ध्यानमा राखी यो ऐन बनेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "कार्यपालिका" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) "खोला तथा खोल्सी" भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षायाममा पानी बग्ने स्थानलाई सम्झनु पर्छ।

(ग) "गोरेटो घोरेटो बाटो" भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्सामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गरिएको तर नक्सामा नभएका पैदल यात्री तथा दुई पाङ्ग्रे साधन, मानिस तथा एक चोटी एक मात्र चौपाया पशुलाई आवत जावत गर्न मिल्ने बाटो समेतलाई सम्झनु पर्छ।

(घ) "चक्रपथ" भन्नाले नगरलाई परिक्रमा हुने गरी निर्माण हुने सडकलाई सम्झनु पर्छ।

(ङ) "टोलस्तरीय सडक" भन्नाले तिन किलोमिटर सम्म लम्बाई भएको सडकलाई सम्झनु पर्छ।

(च) "धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडक" भन्नाले मूल सडकदेखि धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्मको पहुँच मार्गलाई सम्झनु पर्छ।

(छ) "नगरस्तरीय सडक" भन्नाले नगरपालिकालाई जोड्ने सडकलाई सम्झनु पर्छ।

(ज) "प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) "प्राकृतिक स्रोत" भन्नाले पानी, ढुङ्गा, बालुवा जस्ता प्रकृतिले दिएको स्रोतलाई सम्झनु पर्छ।

(ट) "प्रादेशिक सडक" भन्नाले नगरपालिका क्षेत्र भित्र निर्माण भएको प्रदेश मातहतको सडकलाई सम्झनु पर्छ।

(ठ) "फासला" भन्नाले सडकको किनारबाट छोडिने जग्गा भन्ने सम्झनु पर्छ।

(ड) "राजकुलो तथा कुलो" भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनु पर्छ।

(ढ) "राष्ट्रिय राजमार्ग" भन्नाले नगरपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनु पर्छ।

(ण) "वडास्तरीय सडक" भन्नाले वडा क्षेत्र भित्र रहेका एक किलोमिटर देखी एघार किलोमिटर लम्बाई सम्मको सडकलाई सम्झनु पर्छ।

(त) "सहरी सडक" भन्नाले बजार क्षेत्र भित्रका सडक भन्ने बुझिन्छ र यो शब्दले नगरपालिकाद्वारा चार किल्ला तोकी सहरी सडक नामकरण गरी निर्णय गरेका सडक समेतलाई सम्झनु पर्छ।

(थ) "सडक किनारा" भन्नाले नक्सामा रहेको अर्थात नगरपालिकाले फिल्डमा नगरपालिकाको कुनै मापदण्ड, कार्यविधि कुनै निर्णय तथा नगर कार्यपालिका, नगर सभाले कुन सडक कति चौडा हुने भनि निर्णय गरी फिल्डमा बिस्तार गरेको सडकको चौडाईलाई सम्झनु पर्छ।

(द) "सडकको क्षेत्राधिकार" भन्नाले सडकको स्वामित्व भएको भू-भागलाई सम्झनु पर्छ।

(ध) "सहायक सडक" भन्नाले मुख्य सडकबाट बस्ती सम्म जाने एघार किलो मिटर सम्मको सडकलाई सम्झनु पर्छ।

(न) "समिति" भन्नाले छायाँनाथ रारा नगरपालिका सडक मापदण्ड निर्धारण समितिलाई सम्झनु पर्छ।

(प) "नाप जाँच तथा सिमाङ्कन" भन्नाले नगर भित्र पर्ने जुनसुकै भुगोल तथा क्षेत्रमा नगर कार्यपालिकाको कार्यालयले नगर भवन तथा बस्ती विकास शाखाद्वारा नापजाँच गराईने जग्गा, घरवास, सरकारी, सार्वजनिक लगायत सम्पुर्ण जग्गाको सिमाङ्कन गर्ने कार्यलाई सम्झनु पर्छ।

(फ) "साँध" भन्नाले दुई भिन्न भिन्नै टुक्रा जग्गाको बिचको भाग वा छेउ वा सन्धिरेखा वा सिमा वा सिमाना तथा व्यक्तिगत कित्ता र सडकहरुको सार्वजनिक कित्ता बिचको भागलाई समेत सम्झनु पर्छ।

(ब) "कित्ता" भन्नाले चारैतिर साँधले घेरिएको र प्रत्येक स्थानमा हक भोग र किसिममा समान्ता भएको जमिनको टुक्रालाई सम्झनु पर्छ।

(भ) "जग्गा वाला" भन्नाले जग्गा नापजाँच ऐन, २०१९ ले तोकेको सम्पुर्ण जग्गाको जग्गाधनि लाई सम्झनु पर्छ।

(म) "सार्वजनिक जग्गा" भन्नाले जग्गा नापजाँच ऐन, २०१९ र मालपोत ऐन, २०३४ ले तोकेको सम्पुर्ण सरकारी र सार्वजनिक जग्गालाई सम्झनु पर्छ।

(य) "सडक रेखा" भन्नाले सडकको तोकिएको वा नक्सामा कायम गराएको चौडाईको बिच रेखालाई सम्झनु पर्छ।

(र) "बाटोको रेखा" भन्नाले पैदल बाटोको दुवै साईडको सिमा रेखालाई सम्झनु पर्छ।

(ल) "बाटोको गहिराई" भन्नाले खेती गर्ने जग्गाको जमिनको सतह देखि मुनि कज वैई, टनेल, ह्युम्पाईप, कल्भर्ट, पुल निर्माण गर्दा यस कार्यविधिले तोकेका सम्पुर्ण सडकहरुको गहिराईलाई सम्झनु पर्छ।

(व) "कज वैई" भन्नाले खोला, नाला, तथा साना ठुला नदिहरुको पानी बग्ने सतह माथी सवारी साधन आवतजावत गर्न निर्माण गरेको आर.सि.सि.स्ल्याप, पक्की संरचनाको माथिबाट पानी बग्ने र पानिमै हिडडुल तथा सवारी साधन चलाउन मिल्ने गरी दुवै तर्फबाट स्लोप गरी बनाईएको संरचनालाई सम्झनु पर्छ।

(ल) "सम्पुर्ण सडकहरु" भन्नाले नक्सामा कायम रहेका तथा नक्सामा नभई फिल्डमा निर्माण भएका, यस नगरपालिका भित्र पर्ने र नगरका योजनाहरुबाट ग्रावेल हालेका, रोलर लगाएका, नगरले सिंमाङ्कन गरेका सडकहरु, ऐलानी जग्गामा खोलेका सडकहरु, नहरका किनारहरु, नर्सरी कुलोहरुका किनारमा निर्माण गरेका सडक, सामुदायिक वनको वरीपरी खोलेका सडकहरु तथा आफ्नो व्यक्तिगत जग्गामा नगरपालिकाको मापदण्ड पुगाई व्यक्तिगत तथा नगरपालिकाको लगानीमा ग्रोवेल, कालोपत्रे गरेका सम्पुर्ण सडकलाई सम्झनु पर्छ।

(व) "सडक मापदण्ड" भन्नाले नगरपालिकाको MTMP पुस्तिका, सर्वदलीय संयन्त्रको निर्णय तथा अन्य नगर सभाले गरेका निर्णयहरुको आधारमा नगरपालिकाको सडक मापदण्ड अधिकार क्षेत्र निर्धारण समितिले तोकेका सम्पुर्ण सडकहरुको मापदण्ड सम्झनु पर्छ।

## परिच्छेद २

## सडक क्षेत्रको वर्गीकरण तथा मापदण्ड, क्षेत्राधिकार र फासला

३. **नगर भित्र हुने सडकहरुको मापदण्ड तथा वर्गीकरण:** (१) यस छायाँनाथ रारा नगरपालिका भित्र

रहेका सडकहरुको मापदण्ड तथा वर्गीकरण देहाय बमोजिम रहेको छ।

(क) **राष्ट्रिय सडकहरुः** राष्ट्रिय सडक भन्नाले नेपाल सरकार र प्रदेश सरकारको मातहातका राजमार्ग (कर्णाली राजमार्ग) लाई सम्झनु पर्छ।

(१) **दश मिटर चौडा सडकहरुः** छायाँनाथ रारा नगरपालिकाका रारा भुलभुले देखि सितलबजार सम्मको कर्णाली राजमार्गको चौडाई नक्सा बमोजिम दश मिटर रहने छ।

तर उक्त राजमार्गमा जोडिएका कित्ताहरुमा घर भवन निर्माण गर्दा उक्त चौडाई अर्थात सडकको बाहिरी रेखा पश्चात आफ्नो जग्गामा दुई मिटर अनिवार्य छोडनु पर्नेछ।

(२) **कर्णाली राजमार्गः** दश मिटर देखि बाह्र मिटर चौडा सडकहरु अन्तर्गत भुलभुले देखि सितलबजार सम्मको सडकलाई बुझाउने छ। जसको चौडाई नक्सामा कायम रहे अनुसार बजार क्षेत्रहरुमा बाह्र मिटर चौडा र अन्य क्षेत्रमा दश मिटर चौडा हुने छन। यो सडकसंग जोडिएको जग्गामा कसैले पक्की संरचना, घर तथा भवनहरु निर्माण गरेमा उक्त सडकको चौडाई पश्चात आफ्ना कित्ताहरुको जग्गा दुई मिटर अनिवार्य छोडी घर, पसल, तथा भवनहरु निर्माण गर्नु पर्छ।

(ख) **नगर सडकहरुः** नगर सडक भन्नाले नगरपालिकाको आफ्नो सिमाना भित्र पर्ने र संरक्षण निर्माण तथा विस्तारको जिम्मा नगरले पाएका नगरका सम्पुर्ण सडकहरुलाई सम्झनु पर्छ। जसमा निम्न सडकहरु तोकिएको छ।

(१) "क" श्रेणीको सडकहरुको चौडाई दश मिटर कायम गरिएको छ।

(२) "ख" श्रेणीको सडकहरुको चौडाई आठ मिटर कायम गरिएको छ।

(३) "ग" श्रेणीको सडकहरुको चौडाई छ मिटर कायम गरिएको छ।

(४) "घ" श्रेणीको सडकहरुको चौडाई चार मिटर कायम गरिएको छ।

(५) "ङ" श्रेणीको सडकहरुको चौडाई तिन दशमलव पचहत्तर मिटर कायम गरिएको छ।

(६) "च" श्रेणीको सडकहरुको चौडाई तिन मिटर कायम गरिएको छ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा भनिएतापनि खण्ड (क) को सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारले सडक विस्तार गर्ने निर्णय गरि कार्य गरेमा सोहि अनुसार तथा प्रदेश सरकारले सडक विस्तार गर्ने निर्णय गरि कार्य गरेमा सोहि अनुसार थप विस्तार गरिने अर्थात सोहि निर्णय लागु हुनेछ।

तर उपदफा (१) को खण्ड (ख) को सम्बन्धमा उपखण्ड (१) देखि (४) सम्मका प्रत्येक सडकहरुले पाएको चौडाई भित्रै पक्की ढल निकास समेत निर्माण गरिने छ भने उक्त सडकहरु संग जोडिएका, हाटबजार लाग्ने ठाउँ, मठमन्दिर, पाटि पौवा, चर्च, गुम्बा, चिहानघाट, मसानघाट सँग जोडिएको भए दुई मिटर सम्म थप गर्न सकिने छ। साथै माथि उल्लेखित सबै सडकहरुको चोक हुने ठाँउ चौराहा, मोडहरुमा तिन मिटर सम्म थप विस्तार गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (ख) को उपखण्ड (५) र (६) अन्तर्गतका श्रेणीका

सडकहरुको चौडाईको बाहिर आधा मिटर ढल निकासको लागि रहनेछ।

(४) उपदफा (१) बमोजिम रहेका सडकहरुमा दाँया र बाँया आवश्यकता अनुसार आधा मिटर देखि दुई मिटर सम्म थप गर्न सकिनेछ।

(५) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा भनिएतापनि उद्योग जन्य भवनहरु निर्माण गर्दा राष्ट्रिय भवन निर्माण आचारसंहिताले तोकेको व्यवस्था तथा उपदफा (१) को खण्ड (ख) ले तोकेको सडकहरुको सम्बन्धमा सडकहरुबाट न्यूनतम आधा मिटर आफ्नो जग्गा छोडि, भवनको दायाँ र बाँया तर्फ डेढ मिटर जग्गा तथा पछाडि तर्फ डेढ मिटर आफ्नो जग्गा छोडी निर्माण कार्य अगाडी बढाउनु पर्छ।

(६) दफा ३ को उपदफ (१) को खण्ड (ख) र उपदफा (२) र उपदफा (५) ले तोकेको सडक मापदण्ड निर्धारण तालिका नमुना अनुसूची-१ बमोजिम हुनेछ। र सोही बमोजिम सम्पुर्ण सडकहरुको लगत तयार गरि कार्य गरिनेछ।

(७) भवन नियमन गर्दा उक्त कार्यविधिले तोकेका सडकहरुको चौडाईलाई आधार मानि कार्य गर्ने स्वीकृती दिईनेछ।

(८) नेपाल सरकारले तयार गरेको कित्ता नापीको नक्सामा छुटेका तर परापुर्व कालदेखि नै चलनचल्तीमा आएका सडक, गोरेटो बाटो, घोरेटो बाटोलाई ऐलानि जग्गामा हाल प्रचलनमा ल्याई प्रयोग भएका सडकहरुलाई तथा व्यक्तिगत जमिनमा रहेका सडकलाई समेत मापदण्ड अनुसार चौडा बनाए नगरबाट योजना हाल्न स्वीकृती प्रदान गरिने तथा नगर सडक सञ्जाल भित्र उक्त सडक र गोरेटो, घोरेटोहरुलाई समेत समेटिनेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका भित्रको खेती योग्य जमिन मास्ने मानसिकताले खोलिएका सडकहरुलाई बन्द गरी निरुत्साहित गरिने छ।

(१०) यस नगरपालिका भित्र नगरपालिकाले तोकेको स्थान तथा भु-उपयोग नितिले तोकेको स्थान बाहेक अन्य स्थानमा खेतीयोग्य जमिन प्लटिङ गरि अव्यवस्थीत बसोबास तथा जग्गा बिक्रि प्रयोजनले जथाभावि सडक निर्माण गरेमा त्यस्तो कार्यलाई नगरपालिकाले निरुत्साहित गर्ने र त्यस्ता कार्य रोक्न कडाईका साथ अगाडी बढाईनेछ।

४. **सडकको क्षेत्राधिकारः** (१) सडकको क्षेत्राधिकार देहाए बमोजिम हुनेछ।

(क) नगर स्तरीय सडकको क्षेत्राधिकार छ मिटर चौडा हुनेछ।

(ख) वडास्तरीय सडकको क्षेत्राधिकार चार मिटर चौडा हुनेछ।

(ग) टोलस्तरीय सडकको क्षेत्राधिकार तिन मिटर चौडा हुनेछ।

(घ) सहरी सडकको क्षेत्राधिकार आठ मिटर चौडा हुनेछ।

(ङ) चक्रपथको क्षेत्राधिकार दश मिटर चौडा हुनेछ।

(२) उपदफा (१) बमोजिमका सडकको कुनै खण्डमा चक्रपथ परेमा चक्रपथ भएको सडक खण्डको क्षेत्राधिकार स्वतः चौध मिटर चौडा हुनेछ।

(३) यो ऐन बमोजिम जुनसुकै वर्गिकरणमा परेको सडकको घुम्तीमा थप बिस प्रतिशत चौडाई वृद्धि गर्नु पर्दछ।

(४) उपदफा (१) बमोजिम सडकको नामकरण र क्षेत्राधिकार अनुसूची-१ मा

उल्लेख भए बमोजिम हुनेछ।

५. **सडकको फासला:** (१) सडकको क्षेत्राधिकार देहाए बमोजिम छोड्नु पर्छ।

(क) चक्रपथका फासला एक दशमलव आठ मिटर,

(ख) नगरस्तरीय सडकको फासला दई मिटर,

(ग) सहरी सडकको फासला दई मिटर,

(घ) वडास्तरीय सडकको फासला एक दशमलव दई मिटर,

(ङ) टोलस्तरीय सडकको फासला एक मिटर,

(च) सहायक सडकको फासला एक दशमलव पाँच मिटर,

(छ) गोरेटो बाटोको फासला पाँच फिट,

(ज) खोला र खोल्सीको प्राकृतिक बहावबाट दुई मिटर फासला,

(झ) राजकुलो तथा कुलोको फासला पाँच फिट।

(२) उपदफा (१) बमोजिम सडकको नामाकरण र फासला अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

६. **धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासला सम्बन्धी विशेष व्यवस्था:** धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासला सम्वन्धी व्यवस्था अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

७. **मूख्य सडकको क्षेत्राधिकार र फासला सम्वन्धी विशेष व्यवस्था:** (१) चक्रपथका सडक खण्डमा सडकको क्षेत्राधिकारभन्दा बाहिर दुई मीटर फासला छोड्नु पर्ने छ ।

८. **व्यावसायिक संरचना निर्माण गर्दा छोड्नु पर्ने फासला सम्वन्धी विशेष व्यवस्था:** यो ऐन बमोजिम जुनसुकै वर्गिकणमा परेको सडक, गल्ली, खोल्साखोल्सी तथा राजकुलो वा कुलोको किनारमा व्यावसायिक प्रयोजनका लागि जस्तोसुकै संरचना निर्माण गर्दा एक दशमलव पाँच मिटर फासला छोड्नु पर्छ।

९. **बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड:** (१) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी छुट्टै मापदण्ड बनाई लागू गर्न सक्ने छ।

(२) कार्यपालिकाको सहमति वेगर कसैले पनि जग्गा प्लटिङ गर्न पाउने छैन।

(३) नगरपालिका क्षेत्रभित्र नक्सापास प्रक्रिया पुरा गरी आवसीय भवन तीन तला र व्यावसायिक भवन पाँच तलासम्म निर्माण गर्न पाईने छ।

तर कार्यपालिकाबाट पूर्व स्वीकृति लिएर नक्शापास प्रकृया पुरा गरी पाँच तला भन्दा माथिको भवन निर्माण गर्न बाधा पर्ने छैन।

(४) साँस्कृतिक, धार्मिक एवं पुरातत्विक सम्पदालाई छेक्ने गरी कुनै पनि संरचना निर्माण गर्न पाईने छैन।

१०. **निर्माणमा निषेध गरिएको:** (१) नगर क्षेत्रभित्र व्यक्तिगत, सामुदायिक वा संस्थागत रुपमा कुनै निर्माण गर्नु पर्दा देहायको कार्यलाई गर्न नपाउने गरी निषेध गरिएको छ।

(क) नक्सापास नगरी कच्ची वा पक्की तथा अस्थायी वा स्थायी कुनै प्रकारको संरचना बनाउन,

(ख) कार्यालयबाट स्वीकृत नक्साभन्दा फरक पारी तला, छत, भऱ्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गर्न,

(ग) मूल सडकबाट शाखा सडक खोल्दा पानीको निकास वा नाला अवरोध गर्न,

(घ) कार्यालयबाट स्वीकृति नलिई कुनै पनि बाटोको ट्र्याक खोल्न,

(ङ) कार्यालयको स्वीकृति बेगर सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गर्न,

(च) कार्यालयको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा खार्न वा सम्याउन,

(छ) आफ्नो घर कम्पाउन्ड वा पसल अगाडि सार्वजनिक जग्गा वा बाटाको क्षेत्राधिकार रहेको क्षेत्रमा कुनै पनि प्रकारको निर्माण सामग्री वा व्यावसायिक वा अन्य जुनसुकै प्रकृतिका सामग्री राख्न,

(ज) सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना निर्माण गरी वा नगरी प्रयोग गर्न।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम कार्यालयको अनुमति लिँदा प्राविधिकको निरीक्षण प्रतिवेदन बमोजिम पचास हजार रुपैंयासम्म सम्म धरौटी राख्नुपर्नेछ।

**११. <u>पानीको मूल तथा प्राकृतिक स्रोतको स्वामित्व निजी नहुने:</u>** (१) नगरपालिका क्षेत्रभित्र रहेको प्राकृतिक स्रोत र पानीको मूल तथा पानीको जुनसुकै स्रोतमा कसैको निजी स्वामित्व हुने छैन। कसैले पनि यस्ता स्रोतको एकलौटी प्रयोग गर्छु भन्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम मूल वा अन्य स्रोतबाट प्राप्त पानी आफूलाई चाहिने बाहेक सार्वजनिक प्रयोगका लागि बन्देज गर्न पाइने छैन। पानीको प्रयोग देहायको क्रममा गर्नु पर्नेछः

(क) खानेपानीको रुपमा उपयोग गर्न,

(ख) सिंचाईका लागि उपयोग गर्न।

(३) निजी जग्गा समेतमा रहेको ढुङ्गा, बालुवा तथा अन्य खनिजजन्य प्राकृतिक स्रोत नगरपालिकाको अनुमति बेगर कसैले पनि व्यवसायिक प्रयोजनका लागि उत्खनन गर्न पाउने छैन।

**१२. <u>जथाभावी पार्किङ गर्न, हर्न बजाउन र तीव्र गतिमा सवारी साधन चलाउन नहुने:</u>** (१) नगरपालिका क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक पार्किङ गर्न पाइने छैन।

(२) नयाँ बन्ने व्यवसायिक सपिङ मल तथा होटल आदि व्यवसायीहरुले सडकको क्षेत्राधिकार बाहिर पार्किङ गराउने गरी भूमिगत पार्किङ स्थल वा अन्य पार्किङ स्थलको व्यवस्था गर्नुपर्ने छ।

(३) नगरपालिकाले आवश्यकता हेरी भइरहेका होटल तथा व्यवसायहरुलाई भुइँ तला वा अन्यत्र निजी जग्गामा पार्किङको व्यवस्था मिलाउन आदेश दिन सक्नेछ।

(४) नगरपालिकाले सशुल्क पार्किङ क्षेत्रको व्यवस्था मिलाउन सक्नेछ।

(५) नगरपालिका क्षेत्रभित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन पाइने छैन।

(६) नगरपालिका क्षेत्रभित्र प्रेसर हर्न निषेध गरिएको छ।

(७) नगरपालिका क्षेत्रभित्र तोकिएको गतिभन्दा बढी गतिमा सवारी साधन चलाउन पाइने छैन।

**१३. <u>सार्वजनिक स्थलमा धूमपान गर्न नपाइने:</u>** (१) कसैले पनि नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा

धूमपान गर्न पाउने छैन।

(२) धूमपान उपलब्ध गराउने व्यवसायीले सो कार्यका लागि अरुलाई असर नपर्ने गरी अलग्गै धूमपान कक्षको व्यवस्था गर्नुपर्ने छ।

(३) नगरपालिका क्षेत्रभित्र तोकिएको स्थल र समय भन्दा बाहेक अन्यत्र र अन्य समयमा मदिराजन्य सामग्रीको बिक्री वितरण तथा प्रयोगलाई निषेध गरिएको छ।

**१४. <u>जथाभावी विज्ञापनजन्य साइनबोर्ड र सामग्री राख्न नपाइने:</u>** (१) नगरपालिका क्षेत्रभित्र तोकिएको मापदण्ड बाहिर रही जथाभावी विज्ञापनजन्य साइनबोर्ड र सामग्री राख्न पाइने छैन।

(२) विज्ञापनजन्य साइनबोर्ड, फ्लेक्स प्रिन्ट, डिस्प्ले बोर्ड वा अन्य विज्ञापनजन्य सामग्री राख्नु पर्दा बढीमा आफ्नो सटरको वारपार र बढीमा दुई फिट चौडाइ भएको राख्न सकिने छ।

(३) उपदफा (२) मा उल्लेख भएको भन्दा ठुलो साइजको विज्ञापनजन्य सामग्री राख्नु पर्ने पर्याप्त कारण भएमा नगरपालिकाको अनुमति लिई आवश्यक शुल्क तिरेर राख्न सकिने छ।

**१५. <u>जग्गा प्लटिङ सम्बन्धि व्यवस्था:</u>** (१) नगरपालिका क्षेत्रभित्र तोकिएको मापदण्ड बाहिर रही जथाभावी जग्गा प्लटिङ गर्न पाईने  छैन।

(क) छायाँनाथ रारा नगरपालिका भित्र गरिने जग्गाहरुको प्लटिङ कार्य छायाँनाथ रारा नगरपालिकाको सिफारिस तथा सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण समितिको सिफारिसमा कार्यपालिकाले गरेको निर्णय अनुसार मात्र हुने र त्यसका लागि सम्बन्धित सरोकारवाला कार्यालयहरु, जिल्ला नापी कार्यालय, मालपोत कार्यालयलाई यस सम्बन्धि कार्यहरु छायाँनाथ रारा नगरपालिकाको अनुमति बेगर नगर्न हुन पत्राचार गरिनेछ।

(ख) व्यक्तिगत जग्गा प्लटिङ गर्दा एक व्यक्तिको मात्र भोग अधिकार भएमा ड्राईङ डिजाईन तथा नगरपालिकाको सडक मापदण्ड निर्धारण कार्यविधिमा रहि निवेदकले निवेदन पेश गरेपछि नगरपालिकाबाट ड्रोईङ तथा डिजाईन स्वीकृत गरी जग्गाको भौतिक पूर्वाधारहरु निर्माण गर्ने अनुमति दिने उक्त पूर्वाधारहरु मापदण्ड अनुसार भए नभएको नगरपालिकाको भवन तथा वस्ति विकास शाखाको प्राविधिक टोलिबाट प्रतिवेदन प्राप्त भएपछि मात्र राजश्व लिई जिल्ला नापी कार्यालय र मालपोत कार्यालयमा कित्ताकाट गर्न स्वीकृतको लागि सिफारिस दिईनेछ।

(ग) एक भन्दा बढि व्यक्तिहरुको जग्गा प्लटिङ गर्दा उपभोक्ता समिति निर्माण गरी जग्गाको भौतिक पूर्वाधारहरु जस्ता सडक तथा ढल सहित स्पष्ट देखिने ड्रोईङ तथा डिजाईन स्वीकृत गरी जग्गाको भौतिक पूर्वाधर निर्माण गर्न अनुमति दिईनेछ र उक्त पूर्वाधारहरु मापदण्ड अनुसार भए नभएको नगरपालिकाको प्राविधिक टोलिबाट प्रतिवेदन प्राप्त भई सकेपछि मात्र राजश्व लीई जिल्ला नापी कार्यालय र मालपोत कार्यालयमा कित्ताकाट गर्न स्वीकृतका लागि सिफारिस गरिनेछ।

(घ) दफा १५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्लटिङ सम्बन्धि कार्य गर्न नेपाल सरकार नापी विभागको प्राविधिक सर्कुलर तथा राजपत्रमा प्रकाशित हुने र नगरपालिकाहरुलाई गरिएका परिपत्र अनुसार अगाडी बढइनेछ भने कार्यविधिमा प्लटिङ सम्बन्धि जुनसुकै कुरा लेखिएता पनि नापी विभागले प्लटिङ कार्य खोले पश्चात परिपत्र अनुसार मात्र लागु गराईने छ।

(ङ) नयाँ बन्ने बाटोहरु तथा दफा ३ को उपदफा (६) को ढाँचामा सडक तथा बाटाहरुमा सवारी साधन प्रवेश गर्न कम्तिमा जियोमेट्रिक आवश्यकता पुरा हुने गरि निर्माण गराइनेछ। र दुर्धटना नहुने गरि सडकहरुको कर्भ सेटिङ अनिवार्य गराउनु पर्छ।

१६. **<u>सडकबाट घर, टहरा, खोका छाप्रा सम्मको दुरीः</u>** (१) दफा ३ को उपदफा (६) को ढाचाँमा समावेश हुने सडकहरुको अधिकार क्षेत्र किनारबाट न्युनतम एक मिटर देखि एक दशमलव पाँच मिटर टाढा पक्की संरचना निर्माण गर्नु पर्नेछ भने खोका छाप्रा र कच्ची संरचनाहरुको हकमा सडक किनारबाट एक मिटर टाढा अनुवार्य हुनु पर्नेछ।

तर औधोगिक भवन तथा व्यवसायिक भवनहरुको हकमा सडक अधिकार क्षेत्रबाट अगाडी तर्फबाट एक दशमलव पाँच मिटर, दायाँबायाँ एक दशमलव पाँच मिटर र पछाडी तर्फ एक दशमलव पाँच मिटर हुने गरी न्यूनतम मापदण्ड पालना गराईनेछ। साथै त्यस्ता व्यवसायिक भवनहरुले पार्किङको व्यवस्था समेत गराउनु पर्छ।

(क) दफा ३ को उपदफा (६) को ढाचाँमा समावेश हुने सडकहरुको अधिकार क्षेत्र भित्र बिजुली पोल, टेलिफोन पोल, गाईगोरु तथा भेडाबाख्रा बाध्न, दाउरा, बालुवा, गिट्टी, ईट्टा तथा बेचबिखनको लागि राखेका पसलका सामाग्रीहरु सडक अधिकार क्षेत्र भित्र राखेमा पहिलो पटकको लागि पाँच हजार रुपैया सम्म सम्बन्धित सरोकारवाला, संस्था तथा व्यक्तिलाई जरिवाना गरिने छ।

(ख) खण्ड (क) मा उल्लेखित कुरा नमानि पहिलो जरिवानाबाट पनि टेरअटेर गरेमा दोस्रो पटकका लागि दश हजार रुपैया जरिवाना र सम्पुर्ण सामानहरु जफत गरी नियमानिसार अन्य कारवाही गराईनेछ।

(ग) यस कार्यबिधि अनुसार काम गर्न फिल्डमा खटिएको डोरलाई अर्थात कुनै फरक समयमा कामको सिलसिलामा फिल्ड खटिएका कर्मचारीलाई कसैले गालि गलौज, कुटपिट, समाग्री तोडफोड, समाग्री जफत गर्ने कार्य तथा सवारी साधनमा क्षेति पुर्याएमा त्यस्ता व्यक्ति तथा समुहलाई साधनहरु काम नलाग्ने गरि तोडफोड गरेको भए नयाँ खरिद गराई माग्ने, आंशिक क्षेति भए मर्मत गराई माग्ने र त्यस्तो कार्य गरेवाफत दश हजार रुपैया देखि पचास हजार रुपैया सम्म थप जरिवाना गराउन सकिनेछ र नियमानुसार थप कानूनी कारवाही समेत गराईनेछ।

## परिच्छेद ३
## <u>कसुर र दण्ड सजाय</u>

१७. **<u>कसुर र दण्ड सजायः</u>** (१) यस कार्यविधि बमोजिमको फासला र नगरपालिकाबाट स्वीकृत नक्सा भन्दा फरक पारी तला, छत, भऱ्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गरेमा त्यस्तो अनधिकृत निर्माणलाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ। आदेशलाई अटेर गरी नभत्काएको खण्डमा प्रमुखले भत्काई हटाउन लागेको खर्चमा पच्चिस प्रतिशत थप गरी सम्बन्धित व्यक्तिबाट असुल उपर गराउनेछ।

(२) मूल सडकबाट शाखा सडकतर्फ व्यक्ति वा उपभोक्ता समितिले कुनै संरचना निर्माण

गर्दा वा बाटो खोल्दा सडक र खोला, खोल्सी तथा नाला अवरुद्ध हुने गरी काम गर्न पाईने छैन। यस्तो कार्य गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिलाई सुधार गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेशको पालना भएको नपाइएमा प्रमुखले मर्मत सुधार गर्दा लाग्ने खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिबाट असुल उपर गराउनेछ।

(३) नगरपालिकाको स्वीकृत बेगर सार्वजनिक स्थल, सडकको दाँयाबाँया कुनै पनि संरचना निर्माण गर्न पाइने छैन। त्यसरी निर्माण गरेमा त्यस्तो निर्माण भएको संरचनालाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ। आदेशलाई अटेर गरी नभत्काएको खण्डमा नगरपालिकाले भत्काई भत्काउँदा र हटाउन लागेको खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सहित सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ।

(४) कसैले पनि निजी जग्गा समेतको ढुङ्गा, गिट्टी, बालुवा तथा खानी वा खनिजजन्य सामग्री नगरपालिकाको अनुमति बेगर व्यावसायिक प्रयोजनमा उत्खनन गरेको पाईएमा नगरपालिकाले त्यस्तो सामग्री, खनजोत वा ओसारपसार गर्न प्रयोग हुने साधन जफत गरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) नगरपालिकाले तोकेको क्षेत्रबाहिर पार्किङ गर्नेलाई नगरपालिकाले दुई सय रुपैयाँ देखि एक हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(६) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाइएको पाइएमा नगरपालिकाले एक सय रुपैयाँ देखि पाँच सय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(७) कसैले प्रेशर हर्न बजाएको पाइएमा नगरपालिकाले पाँच सय रुपैयाँ देखि एक हजार रुपैयाँ सम्म जरिवाना गरी प्रेशर हर्न जफत एवम् नष्ट गर्नेछ।

(८) कसैले सार्वजनिक स्थलमा धूम्रपान गरेको पाइएमा नगरपालिकाले पहिलो पटकलाई सम्झाउने बुझाउने, दोस्रो पटकलाई एक सय रुपैयाँ जरिवाना गर्ने र त्यसपछि पटकै पिच्छे एक सय रुपैयाँ थप्दै जाने गरी जरिवाना गर्नेछ।

(९) यो ऐन प्रारम्भ हुनु अघि कसैले दफा १४ मा तोकेको मापदण्ड प्रतिकूल विज्ञापनजन्य सामग्री राखेको पाइएमा नगरपालिकाले हटाउन आदेश दिनेछ। दिएको आदेश अटेर गरेको पाइएमा नगरपालिकाले त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढीमा पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(१०) यो ऐन प्रारम्भ भएपश्चात कसैले दफा १४ मा तोकेको मापदण्ड बाहिर विज्ञापनजन्य सामग्री राखेको पाइएमा नगरपालिकाले त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढीमा पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(११) दफा ९ को उपदफा (२) प्रतिकुल कसैले कार्यपालिकाको स्वीकृति नलिई जग्गा प्लटिङ गरेको पाईएमा तथा दफा १५ विपरित कार्य गरेको पाईएमा नगरपालिकाले एक लाख रुपैंया देखि पाँच लाख सम्म जरिवाना गर्नुको साथै नक्सापासको कार्यलाई रोक लगाउन सक्नेछ।

(१२) दफा १० को उपदफा (२) प्रतिकुल कसैले कार्यालयको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा

खारेको वा सम्याएको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले त्यसरी खनेर थुप्रिएको ढुङ्गामाटो हटाउन लगाई पच्चीस हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ। त्यसरी दिईएको आदेश बमोजिम खनेर थुप्रिएको ढुङ्गामाटो हटाएको नपाईएमा नगरपालिकाले हटाउन लगाई लागेको खर्चमा पच्चिस प्रतिशत थप गरी सो समेत सम्वन्धित व्यक्तिबाट असुल उपर गराउने छ।

## परिच्छेद ४
## विविध

१८. नगरपालिकाले निर्माण गरेका सबै प्रकारका सडकहरु र राष्ट्रिय राजमार्गमा व्यक्ति वा संघ वा संस्थाहरुले कुनै प्रकारको भौतिक संरचना निर्माण गर्दा यस कार्यविधिमा व्यवस्था भएको फासला बाहेक दायाँबायाँ छज्जा राख्न चाहेमा छज्जा बराबरको थप फासला छोडनु पर्नेछ।

१९. नगरपालिका क्षेत्र भित्र रहेका सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति तथा खोल्सा-खोल्सी, राजकुलो एवं कुलोको संरक्षणका लागि नगरपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने छ।

२०. परम्परागत रुपमा प्रयोग हुँदै आएका चलनचल्तीमा रहेका तर नापी नक्सामा उल्लेख नभएका बाटा तथा गोरेटोहरुलाई औचित्यताका आधारमा नगरपालिकाले कायम गराउनसक्ने छ।

२१. **अधीकार प्रत्योजनः** यस कार्यविधिमा छुट भएका सडक, गल्ली वा कुलाका सम्बन्धमा कार्यपालिकाले निर्णय गरी क्षेत्रधिकार तथा फासला तोक्न सक्नेछ।

२२. **प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

२३. **खारेजी र बचाउः** (१) नगरपालिका क्षेत्र भित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि कार्यपालिकाबाट छुट्टै मापदण्ड नबनेसम्मका लागि यसै कार्यविधि हुनेछ। संघीय सरकार र प्रादेशिक सरकार सँग यो कार्यविधि बाझिएको हदसम्म स्वत अमान्य भई बदर हुनेछ। अन्यको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

## अनुसूचि-१
## (दफा ३ को उपदफा (६) र दफा ४ को उपदफा (४) सँग सम्वन्धित)

### सडकको श्रेणीहरु

(१) "क" श्रेणीको सडक - दश मिटर
(२) "ख" श्रेणीको सडक - आठ मिटर
(३) "ग" श्रेणीको सडक - छ मिटर
(४) "घ" श्रेणीको सडक - चार मिटर
(५) "ङ" श्रेणीको सडक - तिन दशमलव पचहत्तर मिटर
(६) "च" श्रेणीको सडक - एक दशमलव पाँच मिटर

### नगर चक्रपथ तथा मुख्य सडकहरु

| क्र.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवासीय संरचना | व्यापारिक संरचना |
| १ | १,२,४,६ र ७ | रेडक्रस | राताचौर पिना | गमगाढ | ८ | १.२ | १.५ |
| २ | २,३,४,५,७ र ८ | राताचौर पिना | न्यूरोड सितलबजार जाने सडक | राताचौर गमगाढी | १० | १.५ | १.८ |
| ३ | १,२ | न्यूरोड सितलबजार जाने सडक | रेडक्रस | न्यूरोड | ८ | १.२ | १.५ |

### सहरी सडक

| क्र.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला | व्यापारिक प्रयोजनका लागि फासला |
|---|---|---|---|---|---|---|---|
| १ | १,३ | न्यूरोड मिरा मल्लको घर | फुली, पालिहाल्न | सोरु सडक | ८ | १.५ | २ |
| २ | १,१०,११,१२ | रेडक्रस | छायला | छायला सडक | ८ | १.५ | २ |

नगर स्तरीय सडक तर्फ

| क्र.स. | वडा नं | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला | व्यापारिक प्रयोजनका लागि फासला |
|---|---|---|---|---|---|---|---|
| १ | १३ | रुगा | तिर्प | थार्प सडक | ६ | १.५ | २ |
| २ | ३ | धेल्या | हेर्निकाँध | हेर्निकाँध | ६ | १.५ | २ |
| ३ | ४ | कर्णाली राजमार्ग पाटपोटेनी तलिबजार, माथिबजार हुँदै | ताल्च डाँडा | ताल्चा बजार | ६ | १.५ | २ |
| ४ | ८ | कर्णाली राजमार्ग हुदै झारी गाउँ | चुल्ठा सडक | झ्यारी सडक | ६ | १.५ | २ |
| ५ | ७ | कर्णाली राजमार्ग | | टोप्ला सडक | ६ | १.५ | २ |
| ६ | १०,११ | लुवाबान्न, झाकोट | न्ऱ्याङच्या काटी | रोवा सडक | ६ | १.५ | २ |
| ७ | ६ | कर्णाली राजमार्गको खाली खेद | ज्वान्न | बाँद सडक | ६ | १.५ | २ |
| ८ | ६ | मुन्दु | थाम, बुरौस्य | थाम सडक | ६ | १.५ | २ |
| ९ | ४,५,२ | खोली, ढुमा, कार्कीवाडा, बागबजार | अदालत चोक | ढुमा सडक | ६ | १.५ | २ |
| १० | ६ | कोटिला | लिउडी | लिउडी सडक | ६ | १.५ | २ |
| ११ | ६ | बालै, कोटिला | मुन्दु | मुन्दु सडक | ६ | १.५ | २ |
| १२ | ८ | ढोटु, सिगाडी माथी घुइर | कालपाल्त देखी खोलो सम्म | सिगाडी सडक | ६ | १.५ | २ |
| १३ | १२ | कार्णाली राजमार्ग | कम्फा | कम्फा सडक | ६ | १.५ | २ |
| १४ | १२ | कार्णाली राजमार्ग | शोवा | शोवा सडक | ६ | १.५ | २ |

वडास्तरीय सडक

| क्र.स. | वडा नं | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला | व्यापारिक प्रयोजनका लागि फासला |
|---|---|---|---|---|---|---|---|
| १ | ४ | कुला | देउल | तेजनगर सडक | ४ | १ | १.२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | १० | कोट | घट्टलेख | घट्टलेख सडक | ४ | १ | १.२ |
| ३ | १ | सोरु सडक | गुरुकुल | गुरुकुल सडक | ४ | १ | १.२ |
| ४ | ४ | बलैगैरा | माथिबालै | माथिबालै सडक | ४ | १ | १.२ |
| ५ | १ | बसपार्क | छत्यालवाडा | छत्यलवाडा सडक | ४ | १ | १.२ |
| ६ | १ | बाँम सडक | जिल्ला अस्पताल | अस्पताल सडक | ४ | १ | १.२ |
| ७ | ११ | माहादेव थान | पिना स्वास्थ्य चौकी | | ४ | १ | १.२ |
| ८ | १४ | गोरा खोला हुदै कर्णाली नदी | सुम्ली सम्म | सुम्ली सडक | ४ | १ | १.२ |
| ९ | ८ | कर्णाली राजमार्ग | चुगाँ | चुगाँ सडक१ | ४ | १ | १.२ |
| १० | ६ | पाती हाल्ना | भुगुरे खोला | पाती हाल्ना सडक | ४ | १ | १.२ |
| ११ | १४ | करेकोट | फैपरा | फैपरा सडक | ४ | १ | १.२ |
| १२ | १२ | तिर्प रोड | लह | लह सडक | ४ | १ | १.२ |
| १३ | ११ | कादया गहिरा | सालिम, रङ्चाडि | सालिम सडक | ४ | १ | १.२ |
| १४ | १० | गैडापानी | तल्लेख, घट्टेलेख | घट्टेलेख | ४ | १ | १.२ |
| १५ | १२ | भिताड | बालचौर | बालचौर सडक | ४ | १ | १.२ |

## टोलस्तरीय सडक

| क्र.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला | व्यापारिक प्रयोजनका लागि फासला |
|---|---|---|---|---|---|---|---|
| १ | १.२ | कर्णाली राजमार्ग, सितलबजार, अदालतचोक, महाकाली गेट | सन्तोष मल्लको घर न्यूरोड सम्म, लोकेन्द्र मल्लको घर हुदै सन्तोष मल्लको घर | बजार सडक | ३.७५ | ०.५ | ०.७ |
| २ | २ | वन कार्यालय चोक | थापा बोर्डिङ्ग, ढुमा सडक | थापा बोर्डिङ्ग सडक | ३.७५ | ०.५ | ०.७ |
| ३ | २ | अदालत चोक | उद्योग वाणिज्य सँघ | कृषि | ३.७५ | ०.५ | ०.७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | भवन | कार्यालय | | | |
| ४ | २ | मिलनचोक | चैनाभिड | भिड सडक | ३.७५ | ०.५ | ०.७ |
| ५ | १ देखि १४ | नगरपालिका भित्रका सबै टोल स्तरिय सडक | | | ३.७५ | ०.५ | ०.७ |
| ६ | | अल्कासाँघु देखि घट्ट, र सडकराजको घर देखि अर्जुनको घर सम्म | | | | | |
| ७ | | हाङढुङ्गा देखि बसपार्क हुदै श्रीनगर गाँउ जोडने सडक | | | | | |

## गोरेटो बाटो

| क्र.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | फासला |
|---|---|---|---|---|---|
| १ | ४,१०,१२ | बाले गैरा, काँध | रिणीमोक्ष | रिणीमोक्ष बाटो | ०.५ |
| २ | १,४,१० | छत्यालवाडा, भामवाडा | घट्टलेख | घट्टलेख बाटो | ०.५ |
| ३ | १४ | चंखेलीबेशी | चंखेलीटप | चंखेलीटप बाटो | ०.५ |
| ४ | ४ | खोली | ताल्च | ताल्च बाटो | ०.५ |
| ५ | ५ | गैरापातल | रारा | रारा बाटो | ०.५ |
| ६ | ३ | लमा सिमा | रारा | रारा बाटो | ०.५ |
| ७ | ८,९ | सल्लेरी | मुर्माटप | मुर्मा बाटो | ०.५ |
| ८ | १ देखि १४ | नगरपालिका भित्रका सबै बस्ती स्तरिय गोरेटो बाटो | | | ०.५ |
| ९ | | देखि दानसिंह घर हुदै गमगढी बजार सम्म | | | ०.५ |
| १० | | अल्कासाँगु देखि छेलाकाद चिलखोल्यास सम्म सडक | | | ०.५ |
| ११ | | चौतारा देखि १ नं. वडा कार्यालय हुँदै छतेलवाडा स्म्म सडक | | | ०.५ |
| १२ | | जयपृथ्वी मल्लको  घर देखि गोरख मल्लको घर हुँदै अस्पताल जाने बाटो सम्म | | | ०.५ |
| १३ | | जिल्ला अस्पताल देखि सोरु जाने बाटो सम्म | | | ०.५ |

## पर्यटकीय बाटो

| क्र.स. | वडा नं | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला | व्यापारी प्रयोजनका लागि फासला |
|---|---|---|---|---|---|---|---|
| १ | ४,७,८ | ताल्चा डाँडा | सल्लेरी | ताल्चा सल्लेरी | ८ | १.५ | २ |
| २ | ३ | तलितुमा | लामाचौर | लामाचौर | ८ | १.५ | २ |
| ३ | १,१३,१४ | रेडक्रस | चंखेली | बाँम सडक | ८ | १.५ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | २ | लामाचौर | दुधगैडा मालिका | पिप्लेडी सडक | ६ | १.५ | २ |
| ५ | ३,५,७,८ | लामाचौर | धौल्या, कोप्चा, ताल्चा हुदै सल्लेरी | लामाचौर सडक | ६ | १.५ | २ |

प्रकाशित मितिः २०८१/०३/२९ गते

**आज्ञाले,**

पशुपती शाही

नि. प्रमुख प्रशासकीय अधिकृत